# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, कात्तिक २७ गते २०५८ साल (अतिरिक्ताङ्क ४७ (क)

## भाग ३

श्री ५ को सरकार

### शिक्षा तथा खेलकूद मन्त्रालयको सूचना

शिक्षा (आठौं संशोधन) नियमावली, २०५८

शिक्षा नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमहरूको नाम "शिक्षा (आठौं संशोधन) नियमावली, २०५८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षा नियमावली, २०४९ को नियम १९ मा संशोधनः शिक्षा नियमावली, २०४९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १९ को खण्ड (ट) मा रहेका "राष्ट्रिय शिक्षक आयोगमा" भन्ने शब्दहरूको सट्टा "मन्त्रालयमा" भन्ने शब्द राखिएको छ ।

३. मूल नियमावलीको नियम ८५ मा संशोधनः (१) मूल नियमावलीको नियम ८५ को उपनियम (२) को,–

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(क) मन्त्री वा राज्यमन्त्री, मन्त्रालय —अध्यक्ष"

(२) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः–

"(ङ१) महानिर्देशक, शिक्षा विभाग —सदस्य"

४. मूल नियमावलीको नियम ९६ मा संशोधनः– मूल नियमावलीको नियम ९६ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) शिक्षकहरूको तालिम सम्बन्धी प्रशासन, निरीक्षण, मूल्याङ्कन तथा व्यवस्थापन गर्न र विभिन्न तालिममा समन्वय गर्न मन्त्रालयले देहाय बमोजिमको तालिम व्यवस्थापन तथा समन्वय समिति गठन गर्नेछः–

(क) सचिव, मन्त्रालय —अध्यक्ष

(ख) विभिन्न विश्वविद्यालयका शिक्षा सङ्कायका डीनहरू मध्येबाट मन्त्रालयले मनोनीत गरेको एकजना —सदस्य

(ग) उपाध्यक्ष, उच्च माध्यमिक शिक्षा परिषद् —सदस्य

(घ) सहसचिव, शैक्षिक प्रशासन महाशाखा, मन्त्रालय —सदस्य

(ङ) महानिर्देशक, शिक्षा विभाग —सदस्य

(च) महानिर्देशक, पाठ्यक्रम विकास केन्द्र —सदस्य

(छ) निर्देशक, दूर शिक्षा केन्द्र —सदस्य

(ज) निर्देशक, माध्यमिक शिक्षा विकास केन्द्र —सदस्य

(झ) शिक्षाविद्हरूमध्येबाट तालीम व्यवस्थापन तथा समन्वय समितिले मनोनीत गरेको दुईजना —सदस्य

(ञ) प्राथमिक शिक्षक तालिम केन्द्रका वरिष्ठ प्रशिक्षकहरूमध्येबाट मन्त्रालयले मनोनीत गरेको एकजना —सदस्य

(ट) शिक्षकलाई तालिम प्रदान गर्ने निजी संस्थाका प्रतिनिधिहरूमध्येबाट मन्त्रालयले मनोनीत गरेको एकजना —सस्दय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८६०

(ठ) शिक्षकहरूमध्येबाट तालिम, व्यवस्थापन तथा समन्वय समितिले मनोनीत गरेको दुईजना —सदस्य

(ड) कार्यकारी निर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र —सदस्य-सचिव

(२) उपनियम (२) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः–

"(ग१) शिक्षक तालिम कार्यक्रममा संलग्न प्रशिक्षक तथा कर्मचारीको वृत्ति विकासका आधारहरू तयार गरी मन्त्रालयमा पेश गर्ने,"

५. मूल नियमावलीको नियम ११६ मा संशोधनः मूल नियमावलीको नियम ११६ को उपनियम (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) मन्त्री वा राज्यमन्त्री, मन्त्रालय —अध्यक्ष"

६. मूल नियमावलीको नियम १३३ मा संशोधनः मूल नियमावलीको नियम १३३ को उपनियम (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) मन्त्री वा राज्यमन्त्री, मन्त्रालय —अध्यक्ष"

आज्ञाले,
डा. रवि शर्मा अर्याल
उपसचिव, (कानून)



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६८